आ.व. ०७६।०७७
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः-११/०७६/०७७
मितिः-२०७६।१०।१९
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ७.३० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | — |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | — |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

श्री सुरेश कोइराला - वि.वडा अ. ता.न.पा.८

Scanned by CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको विधायन समितिबाट सिफारिस भइ आएका तपशिल अनुसारका ऐनहरु विधेयकको रुपमा छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) नगर प्रहरीको गठन, संचालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६

ख) तानसेन नगरपालिकाको शिक्षा विधेयक, २०७६

ग) तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, (पहिलो संसोधन) विधेयक, २०७६

घ) स्थानीय वजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७६

ङ) तानसेन नगरपालिकाको न्यायिक समितिले उजुरीको कार्वाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यविधी सम्बन्धी) ऐन (पहिलो संसोधन) विधेयक, २०७६

**निर्णय नं. २**

तानसेन नगरपालिकाको पाँचौ नगरसभाबाट विनियोजन भएको ६०/४० बजेटबाट निम्नानुसारका योजनाहरु स्वीकृत गरी सञ्चालन गर्ने निर्णय गरियो ।

क) पाल्पा विपश्यना ध्यान केन्द्र मार्फत ता.न.पा. ८ पौडेल चौपारी देखि सिखरडाँडा सडक स्तरोन्नती (१२ लाख)

ख) जनता मा.वि. तानसेनको छात्रावास भवन रंगरोगन गर्ने (५ लाख)

ग) ता.न.पा. ४ सिल्खान वुद्ध विहार होटल काउन पछाडीको ढल स्तरोन्नती (१५ लाख)

उल्लेखित योजनाहरु वाहेक अब उप्रान्त यस नगरपालिकामा पेश हुन आउने ५०/५० र ६०/४० का योजनाहरु स्वीकृति र कार्यान्वयनका लागि कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल पूर्व प्रहरी संगठन, पाल्पाले जग्गा उपलब्ध गराउने सम्बन्धी निवेदन पेश गरेको सन्दर्भमा उक्त संस्थालाई उपयुक्त जग्गा व्यवस्थापन गर्न आवश्यक कानूनी प्रक्रिया पुरा गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई सेवा अवकाश हुँदा प्रदान गरिने रकमको सुनिश्चिताको लागि कर्मचारी कल्याण कोष खातामा प्रत्येक वर्ष १ महिना वरावरको तलब रकम जम्मा गर्दै जाने र उक्त कोषको रकम अन्य कुनै कार्यमा खर्च नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकामा करार सेवामा कार्यरत १ वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीहरुको संचय कोष कट्टा गर्ने व्यवस्थाको लागि कार्यालयबाट कार्यविधि बनाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको पाँचौं नगरसभाबाट पारित नीति तथा कार्यक्रममा व्यवस्था भए अनुरुप न.पा. बाट संचालित योजनाहरुको छानबिन गर्न आवश्यक देखिएमा नगर प्रमुखबाट Third Party Evaluation गर्ने गराउने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ७**

तानसेन नगरपालिकामा दरवन्दी अनुसारका कर्मचारीहरु समायोजन भई नआएको र हाल कतिपय स्वीकृत दरवन्दी रिक्त रहेकोले आवश्यक कर्मचारीको तेरिज बनाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ५ ढुंगाखानी देखि वडा नं. ११ को सिमाना बाहुनडाँडासम्मको सडक स्तरोन्नती गर्न न.पा.वाट बजेट विनियोजन भएकोमा डिभिजन सडक कार्यालय पाल्पावाट उक्त सडकको क्षेत्राधिकार संघमा रहेको हुँदा न.पा.बाट स्तरोन्नती गर्ने कार्य नगर्नु भनि जानकारी प्राप्त भएको तर उक्त सडक साँगुरो भई दुर्घटना हुने र मानवीय क्षतिको समेत सम्भावना रहेकाले तत्काल सडक चौडा तथा स्तरोन्नती गर्न डिभिजन सडक कार्यालय, पाल्पा मार्फत सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकामा कार्यरत कार्यालय सहयोगी (पाँचौं तह) श्री यज्ञ प्रसाद महर्जन मिति २०४१ साल वैशाख ६ गते देखि पियन पदमा अस्थायी नियुक्ति भई २०४६।४।६ मा स्थायी नियुक्त भएको साथै हालसम्म अविच्छिन्न सेवामा रही कार्य गरेको र मिति २०७६ माघ ११ गते देखि लागु हुने गरी निजले राजिनामा दिएको, अस्थायी सेवा अवधी गणना गरी पाउँ भनि निजले मिति २०७६।९।२१ मा निवेदन पेश गरेको, शुरु नियुक्तिको ६ महिना अस्थायी नियुक्ति पश्चात कुनै अवकास पत्र समेत नदिइएको र निजले पेश गरेका विभिन्न समयका निर्णयहरु (स्तरोन्नती पत्र र १४ औं नगर परिषदले पास गरेको विनियमावली, २०६८ को बुँदा नं. ङ बमोजिम) को आधारमा निज कार्यालय सहयोगी यज्ञ प्रसाद महर्जन २०४१ साल बैशाख ६ गते देखि यस कार्यालयमा अटुटरुपमा कार्य गर्दै आएकोले मिति २०४१ साल वैशाख ६ गते देखि २०४६।४।६ गतेसम्म उपदान प्रयोजनको लागि सेवा अवधी गणना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका वडा नं. ८ स्थित नयाँपाटी सा.रे.म. सडक खण्डमा रिटेनिङ्ग वाल, ग्याभिन जाली र कजवे निर्माणको लागि कुल अनुमानित लागत रकम रु. ५ लाख मध्ये पहिलो किस्ता स्वरुप रकम रु. २ लाख उपलव्ध गराइकोमा हाल सडकको निर्माण कार्य सम्पन्न भएको हुँदा उक्त योजनाको अनुमोदन गरी ता.न.पा.को मागमा आधारित शिर्षकबाट बाँकी रकम रु. ३ लाख उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको देहायका कार्यविधिहरु दफावार छलफलको लागि नगरपालिकाको विधायन समितिमा पठाउने निर्णय गरियो ।

(क) विस्तृत योजना तर्जुमा सम्बन्धि कार्यविधि, २०७६

(ख) नगरपालिकाको कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि, २०७६

(ग) नगरपालिकाको स्थानीय सहकारी सञ्जाल गठन सम्वन्धी कार्यविधि, २०७६

**निर्णय नं. १२**

तानसेन नगरपालिका पाँचौं नगरसभाबाट पारित बजेट, नीति तथा कार्यक्रमतर्फ नगर विकास योजनामा विनियोजित कुल रकम रु. १०१९३६५०००।- लाई संसोधन गरी रकम रु. १०४६२२१४१८ कायम हुने गरी स्वीकृत हुन छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. १३**
नगरपालिकाको छैटौं नगरसभाको लागि तयार गरिएको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

- कार्यपालिका सदस्य श्री दीपक वि.क.द्वारा आजको कार्यपालिका बैठकमा उपस्थित हुन नसक्ने अवस्था जनाई दिइएको निवेदनको बारेमा जानकारी भयो ।

- उल्लेखित निर्णयहरु पश्चात नगर प्रमुख अशोक कुमार शाहीज्यूबाट स-धन्यवाद बैठक समापन गर्नु भयो ।

Scanned by CamScanner